**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २८ अगस्त २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बंगालमा भाजपाले आह्वान गरेको १२ घण्टा बंगाल बन्दको प्रभाव राज्यभरि देखियो, रेल सेवा पनि प्रभावित बनेको छ|

२. राज्य विधानसभाको विशेष सत्र बोलाएर बलात्कार मामिलाहरूमा फांसीको सजायको कानुन पारित गराउन मुख्यमन्त्री ममता ब्यनार्जीले घोषणा गर्नु भएको छ|

३. राज्यव्यापी 12 घण्टा बन्दको दार्जिलिङ पहाड़मा मिश्रित असर देखिएको छ। बन्दको समर्थनमा भारतीय जनता पार्टी र विरोधमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका पदाधिकारीहरू सड़कमा उत्रेका थिए।

४. राष्ट्रपति द्रौपदी मुर्मुले कोलकाता घटनाले राष्ट्रलाई स्तब्ध बनाएको र जनतालाई सामूहिक रूपमा 'पर्याप्त भयो' भन्न आग्रह गर्नु भएको छ।

५. केन्द्रीय मन्त्रि परिषद्ले 234 नयाँ शहरहरूमा 730 निजी एफएम च्यानलहरूको लागि ई-लिलामी सञ्चालन गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ।

**बन्द बंगाल**

पश्चिम बंगालमा भाजपाले आह्वान गरेको १२ घन्टे बंगाल बन्दको प्रभाव राज्यका धेरै जिल्लामा बिहानैदेखि देखिएको थियो । यस बन्दका क्रममा हावडाए सियालदहए हुगलीए कटवाए सियालदह दक्षिण शाखाए मुर्शिदाबाद र कृष्णनगरमा रेल सेवा प्रभावित भएको थियो। भाजपा समर्थकहरूले स्टेशनहरूमा रेलहरू रोकेर र ओभरहेड तारहरूमा केराको पातहरू फालेर रेल सञ्चालन रोक्न प्रयास गरेक थिए। बिहानैदेखि रेल सेवा अवरुद्ध हुँदा यात्रुले निकै समस्या भोग्नु परेको छ । स्थिति नियन्त्रणमा लिन पुलिसले बन्द समर्थकलाई हटाउने प्रयास गरेपछि दिउँसोसम्म रेल सेवा क्रमशः सामान्यमा फर्किन थालेको थियो । बंगाल बन्दको क्रममा राज्यका विभिन्न भागमा हिंसा र तनावको माहोल बनेको थियो । धेरै ठाउँमा पुलिस र भाजपा समर्थकबीच झडप भएको थियो जसका कारण पुलिसले लाठीचार्ज गर्नुका साथै आँशु ग्यास समेत प्रहार गरेको थियो।

****** ० ******

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले तृणमूल छात्र परिषदको एक कार्यक्रममा आरजी कर अस्पताल काण्डमा राज्य सरकारको स्थितिलाई स्पष्ट गर्नु हुँदै धेरै महत्त्वपूर्ण घोषणाहरू गर्नु भएको छ। उहाँले भन्नु भयो, हामी राज्य विधानसभाको विशेष सत्र बोलाएर र बलात्कार मामिलाहरूमा फांसीको सजायको कानुन पारित गराउन चाहान्छौ । जे भयो त्यो अत्यन्त दुर्भाग्यपूर्ण हो, तर यसपछि गरिएको कारबाहीमा कुनै ढिलाई हुनु हुँदैन। हामी चाहान्छौं, सात दिनभित्र फास्ट ट्र्याक कोर्टको माध्यमले फसेला होस्।टीएमसीपीको स्थापना दिवसको अवसरमा धर्मतलाको मेयो रोडमा आयोजित ऱ्यालीमा ममता ब्यानर्जी सामेल हुनु भयो। यस अवधि उहाँले राज्यमा महिलाहरूको सुरक्षा, भाजपाको राजनीति र अन्य धेरै मुद्दाहरूमाथि आफ्नो कुरा राख्नु भयो। उहाँले बंगालमा कुनै पनि महिलाले असुरक्षित महसूस गर्ने छैनन् र जसलाई पनि दोषी पाइनेछ, उसलाई कठोर सजाय दिइनेछ। उहाँले आफ्नो सम्बोधनमा भन्नु भयो, आजको दिन म पीड़ितहरूलाई समर्पित गर्दछु। देशभरिमा जति पनि महिलाहरू उत्पीड़नको शिकार भएका छन् औं उनीहरूको परिवारहरूलाई समर्पित गर्दछु। उहाँले छात्र-युवाहरूलाई सामाजिक जिम्मेदारी निभाउने सन्देश पनि दिनु भयो।

****** ० ******

**अभिषेक बनर्जी**

तृणमूल कांग्रेस अखिल भारतीय महासचिव अभिषेक बनर्जीले अन्ततः आर.जी. कार मेडिकल कलेजमा भएका घटना र भ्रष्टाचारको आरोपमा घेरिएका आर.जी. कार मेडिकल कलेजका पूर्व प्राचार्य सन्दीप घोषलाई पक्राउ गर्न माग गर्नु भएको छ। उहाँले सीबीआईमाथि प्रश्न उठाउदै १४ दिन बितिसक्दा पनि सन्दीप घोष किन पक्राउ परेनन् भनेर सोध्नु भएको छ ।टीएमसीपीको स्थापना दिवसमा मेयो रोडमा आयोजित कार्यक्रममा सासद अभिषेक बनर्जीले पहिलो पटक यस विषयमा खुलेर बोल्दै सन्दीप घोषलाई पक्राउ गर्न माग गर्नु भएको छ ।

****** ० ******

**दुई भाजपा विधायक पक्राउ**

बंगाल बन्दको दिन कुचबिहारमा बन्दको क्रममा, दुई भाजपा विधायकलाई पुलिसले पक्राउ गर्यो र जबरजस्ती पुलिसको गाडीमा लगेको बताइएको छ। बुधबार तनाव उत्पन्न हुने आशंकालाई मध्यनजर गर्दै बाक्लो संख्यामा पुलिस परिचालन गरी सवारी आवागमन सामान्य बनाउने प्रयास भइरहेको थियो । बीजेपी कार्यकर्ता र समर्थकहरू कुचबिहारमा उत्तर बंगाल राष्ट्रिय यातायातको नयाँ बस स्ट्यान्डको अगाडि हडतालमा बसेका थिए। उनीहरु बसको अगाडि बसेर नारा लगाउन थाले । तुफानगञ्जका विधायक मालती रवा रोय र कुचबिहार दक्षिणका विधायक निखिल रञ्जन डेलाई पक्राउ गरिएको छ ।

****** ० ******

**भाजपा-पश्चिम बंगाल**

भारतीय जनता पार्टीले कोलकातामा एक डाक्टरको कथित बलात्कार र हत्या प्रकरणमा अनुसन्धानबाट ध्यान हटाएर दोषीलाई बचाउन खोजेपछि अहिले पश्चिम बंगाल सरकारले चिकित्सकलाई धम्की दिएको आरोप लगाएको छ। नयाँ दिल्लीमा मिडियाकर्मीसँग कुरा गर्दै भाजपा पार्टी प्रवक्ता डा. सुधांशु त्रिवेदीले पश्चिम बङ्गालमा भएको बलात्कार र हत्याको घटना निकै दुर्भाग्यपूर्ण भएको बताउनु भयो। उहाँले भन्नु भयो, आज पश्चिम बंगालमा भाजपाले आह्वान गरेको बन्दमा जनताको आक्रोश अब निर्णायक विन्दुमा पुगेको देखियो।

****** ० ******

**बन्दमा दार्जिलिङ**

भारतीय जनता पार्टीले डाकेको राज्यव्यापी 12 घण्टा बन्दको दार्जिलिङ पहाड़मा मिश्रित असर देखिएको छ। विशेष गरेर दार्जिलिङ बजार क्षेत्रमा आज बिहान केही दोकानहरू बन्द भए पनि प्राय: जस्तो दोकानहरू खुल्ला नै देखिएको छ भने गाड़ीहरू पनि कुदिरहेको देखिएको छ। बिहान भारतीय जनता पार्टीका कार्यकर्ताहरूले 12 घण्टा बन्द पालन गरिदिन र दोकानहरू बन्द गरिदिन आह्वान् गरेको देखियो।अर्कोतिर बन्दको विरोधमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रिय पदाधिकारीहरू पनि दार्जिलिङ बजारको मुख्य सडकमा निस्केको देखियो। भाजपाका कार्यकर्ताहरूले दोकानहरू बन्द गर्न निवेदन गरिरहेको देखियो भने भागोप्रमोका केन्द्रिय नेतृत्वहरू पनि दोकानहरू खुल्ला राखिदिन आह्वान् गर्दै गरेको देखियो। उनीहरूले पहाड़मा बन्दरहित शान्ति चाहन्छौं भनी आह्वान् गरेको देखियो।

****** ० ******

**बन्दमा कालेबुङ**

बन्दको सबैभन्दा धेरै असर कालेबुङमा परेको देखियो। बन्दमा बिहानको समय कालेबुङमा 80 प्रतिशत दोकान-पाटहरू बन्द रहेको बताइएको छ। बिहान कालेबुङबाट सिलगढीतर्फ जाने गाड़ीहरू कम देखियो। गाड़ी कम भएपछि यात्रीहरूले धेरै असुविधा भोग्न परिरहेको पनि बताइएको छ।कालेबुङमा बन्दको समर्थनमा भारतीय जनता पार्टी र बन्दको विरोधमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका पदाधिकारीहरू सड़कमा उत्रेका थिए। यसावधि बिहान कालेबुङमा तनाउको माहोल सिर्जना भएको थियो। शान्ति श्रृंखला बनाई राख्नलाई कालेबुङमा व्यापक रूपमा पुलिस बल तैनाथ गरिएको थियो। बन्दको समर्थनमा भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला अध्यक्ष कल्याण देवान आफै सड़कमा उत्रेका थिए। उनीसितै कालेबुङका भाजपा कार्यकर्ताहरु पनि बन्दको समर्थनमा सड़कमा उत्रेका थिए।बन्द समर्थक भाजपा पार्टी कार्यकर्ताहरुलाई पुलिस प्रशासनले सम्झाउने कार्य गरिरहेको पनि देखियो। यसको साथै बन्दको विरोधमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका कार्यकर्ताहरू पनि सड़कमा उत्रेका थिए। भागोप्रमो कार्यकर्ताहरू बन्द फ्री पहाड़ चाहन्छौं भन्दै सड़कमा उत्रेका थिए।

****** ० ******

**बन्दमा मिरिक**

अर्कोतिर मिरिकबाट सिलगढी कुद्ने गाडीहरू कुदेन, जसले गर्दा मानिसहरूको चहल पहल कम्ती देखियो। यता दार्जिलिङगामी गाडीहरू सामान्य रूपमा चलेको देखियो। बन्द अवधि यहाँका सरकारी, गैर सरकारी स्कूलहरूमा सधैं झैं पठन पाठन भयो भने सरकारी गैर सरकारी कार्यालयहरू पनि खुल्ला रहेको थियो। यहाँका चिया कमानहरूमा पनि सधैं झैं काम भएको छ । सिलगढीबाट राज्य परिवहनको बस आएपछि बसमा मानिसहरूको भीड देखिएको थियो।

****** ० ******

**बन्दमा सिलगढी तनाउपूर्ण**

भाजपाले डाकेको विभिन्न क्षेत्र तनाउपूर्ण बनेको थियो । यसैबीच एनजेपी क्षेत्रमा भाजपा विधायिका शिखा च्याटर्जीलाई टीएमसी कार्यकर्ताहरूले दुर्व्यवहार गरेपछि स्थिति अझ तनाउपूर्ण बन्यो । जलपाइगढीका भाजपा सांसद जयन्त रोयको वाहनलाई पनि टीएमसी कार्यकर्ताहरूले रोकेपछि क्षेत्रमा व्यापक उत्तेजना फैलिएको थियो। स्थितिलाई सामान्य बनाउनका लागि पुलिसले धेरैलाई हिरासतमा लिएको बताइएको छ। यसैबीच तृणमूल कांग्रेसका कार्यकर्ताहरूले डाबग्राम फुलबारीकी बीजेपी विधायिका शिखा च्याटर्जीको स्कुटीलाई रोकेर विरोध जनाउने क्रममा उनीसँग दुर्व्यवहार गर्नुका साथै उनको ड्राइभरलाई पनि कुटपीट गरेको आरोप रहेको छ।

****** ० ******

**बन्दमा प्रभावविहीन खरसाङ**

बन्दको असर खरसाङमा भने देखिएन। खरसाङमा बिहानदेखि गाड़ीहरू सामान्य रूपमा चलिरहेको थियो भने खरसाङ बजारका सबै दोकानहरू खुल्ला देखिएको छ। खरसाङका कुनै पनि राजनीतिक पार्टीहरू बन्दको समर्थन अथवा विरोधमा देखिएन। खरसाङमा स्थिति शान्तिपूर्ण र सामान्य रहेको थियो|

****** ० ******

**राष्ट्रपति -कोलकाता घटना**

राष्ट्रपति द्रौपदी मुर्मुले कोलकातामा एक डाक्टरको बलात्कार र जघन्य हत्याले राष्ट्रलाई स्तब्ध बनाएको र जनतालाई सामूहिक रूपमा 'पर्याप्त भयो' भन्न आग्रह गर्नुभयो । उहाँले महिला विरुद्धका पछिल्लो समय बढ्दै गएका अपराधले अराजकताको जरा पत्ता लगाउन इमान्दार आत्मनिरीक्षण गर्नुपर्ने बतौनु भयो । राष्ट्रपति मुर्मुले आफ्नो सामाजिक सञ्जालमा घटनाको खबर सुनेर आफु स्तब्ध र त्रसित भएको बताउनु भयो। राष्ट्रपति मुर्मुले यो एक मात्र घटना थिएन र महिला विरुद्धको अपराधको श्रृंखलाको एक हिस्सा हो। उहाँले भन्नु भएको छ, कोलकातामा विद्यार्थी, डाक्टर र नागरिकहरूले विरोध गरिरहेका बेला पनि अपराधीहरू अन्यत्र फरार रहेका छन्।उहाँले कुनै पनि सभ्य समाजले छोरी दिदी बहिनीलाई यस्तो अत्याचार गर्न नदिने र राष्ट्र आक्रोशित हुने बताउनु भयो।

****** ० ******

**क्याबिनेट - एफएम**

केन्द्रीय मन्त्रि परिषद्ले 234 नयाँ शहरहरूमा 730 निजी एफएम च्यानलहरूको लागि ई-लिलामी सञ्चालन गर्ने प्रस्तावलाई अनुमोदन गरेको छ। यस कदमको उद्देश्य मातृभाषामा स्थानीय सामग्रीलाई बढावा दिन र नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्ने हो। नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्नु हुँदै सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नु भयो, यो निर्णयले एफएम रेडियोलाई टियर 2 र टियर 3 शहरहरूमा लैजानेछ। उहाँले यसले स्थानीय प्रतिभालाई केन्द्रित गर्ने बताउनु भयो ।

****** ० ******

**दुष्कर्मको दोषीलाई सजायको मांग**

कालेबुङ क्षेत्रमा गत 26 अगस्तको दिन नाबालिकामाथि भएको कथित दुष्कर्म घटनामा संलग्न दोषीलाई कानुनी रुपमा सजाई हुनु पर्ने माग गर्दै कालेबुङका गोर्खा गौरव संस्थान, स्वतन्त्रता समूह अनि जन कल्याण समितिले संयुक्त रुपमा कालेबुङ पुलिस थानामा ज्ञापन बुझाएको छ। पुलिस थानामा ज्ञापन बुझाएपछि पत्रमा उल्लेखित मागबारे गोर्खा गौरव संस्थानका सयोजक नरेन्द्र तामङ अनि स्वतन्त्र समूहका संयोजक बिक्रम सार्कीले दोषीलाई कानुन अनुरुप शीघ्र सजाय दिनु पर्ने मांग गरेका छन् |

****** ० ******

**अन्तर कार्यालय फुटबल प्रतियोगिता**

खरसाङ फुटबल एसोसिएशनको आयोजनामा खरसाङ महकुमा अन्तर्गत जारी अन्तर कार्यालय फुटबल प्रतियोगिताको पाँचौं दिनको खेलमा एयर फोर्स अनि खरसाङ खण्ड विकास कार्यालय बिजयी बनेको छ। खरसाङको मन्टिभियट खेल मैदानमा भइरहेको टुर्नामेन्ट अन्तर्गत पहिलो खेल एयर फोर्स बाघगौडा र खरसाङ नगरपालिकामाझ सम्पन्न भएको थियो। उक्त खेलमा निर्धारित समयसम्म 2-2 गोलको बराबरी रहेपछि भएको पेनल्टी शुट आउटमा एयर फोर्स बिजयी बनेको छ।त्यसरी नै आज भएको दोस्रो खेलमा खण्ड विकास कार्यालयले दार्जिलिङ पोलिटेक्निक कलेजलाई 0 गोलको विरुद्ध 1 गोल गरेर परास्त गरेको छ। पराजित दलहरुलाई आयोजक समितिको पक्षबाट स्मृति चिन्ह प्रदान गरियो।

****** ० ******